नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, असार ५ गते २०४४ साल (अतिरिक्ताङ्क १३

भाग १

राष्ट्रिय पञ्चायत सचिवालयको सूचना

श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतको अठतीसौं अधिवेशनलाई २०४४ साल असार ५ गते रोज ६ का दिन बक्सेको सम्बोधन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राष्ट्रिय पञ्चायतका अध्यक्ष तथा सदस्यहरू,

१. राष्ट्रले अङ्गीकार गरेका आदर्शहरूप्रति प्रतिबद्ध हुँदै सम्पूर्ण नेपाली जनताको प्रतिनिधित्व गर्ने यस राष्ट्रिय पञ्चायतको ३८ सौं अधिवेशनलाई सम्बोधन गर्न पाउँदा हामीलाई खुशी लागेको छ। हालै सम्पन्न स्थानीय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्चायतहरू र स्थानीय तहका वर्गीय सङ्गठनको चुनावमा देखिएको व्यापक उत्साहले निर्दलीय प्रजातान्त्रिक पञ्चायत व्यवस्थालाई अझै सुदृढ तुल्याएको छ। यसरी राष्ट्रको सर्वोत्तम हितको लागि अपनाइएको यस व्यवस्थाको बाटोमा सम्पूर्ण नेपाली अघि बढिरहेकोमा सन्तोष लाग्नु स्वाभाविकै हो। जनतालाई अल्मलाउने काम कुराले होइन, राष्ट्रोत्थानमा आफ्नो योगदान पुऱ्याउँ भन्ने उदात्त भावना तथा मुलुकको यथार्थतामा आधारित स्वस्थ एवम् रचनात्मक विचार, व्यवहार र सहभागिताले मात्र प्रजातन्त्रमा गुणात्मक सुदृढता ल्याउँछ।

२. विक्रम सम्वत् २०५७ सम्ममा नेपाली जनताको लागि एशियाली मापदण्डबाट उपयुक्त मानवोचित जीवनस्तर हासिल गर्न मेरो सरकारले खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरूको परिपूर्ति गर्ने नीति र कार्यक्रमको तर्जुमा गरिसकेको छ। यसमा निहित लक्ष्य हासिल गर्न मेरो सरकारले प्रत्येक आर्थिक वर्षको विकास कार्यक्रम तथा साधन-विनियोजनले हासिल गर्नुपर्ने लक्ष्य स्पष्ट रूपले किटान गरी कार्यान्वयन गर्ने व्यवस्था गर्नेछ। यस क्रममा सातौं योजनाको बाँकी अवधिमा आधारभूत आवश्यकता परिपूर्ति गर्ने पूर्वाधारहरू तयार गर्ने लक्ष्य राखी मेरो सरकारले आगामी आर्थिक वर्षको कार्यक्रम तर्जुमा गर्नेछ। उक्त कार्यक्रमहरूको कार्यान्वयनमा सम्बन्धित निकाय तथा पदाधिकारीहरूको जिम्मेवारी तोकिनुको साथै समय-तालिका निर्धारण गरिनेछ। निर्धारित समय-तालिका अनुरूप कार्य भयो भएन भन्ने निगरानी तथा नियमित अनुगमन गर्न विभिन्न तहमा अनुगमन र मूल्याङ्कनको व्यवस्था गरिनेछ।

३. आर्थिक विकासको गतिलाई अझै तीव्रतर बनाउँदै लग्नु नै आजको चुनौती हो। यसको लागि लगानी नीति लगायत सम्पूर्ण आर्थिक नीतिहरू दृढ र स्पष्ट हुनुपर्छ। देशको आर्थिक विकासको दर वृद्धि गर्नुको साथै स्थायित्व प्रदान गर्न गत वर्षदेखि मेरो सरकारले अपनाई आएको आर्थिक समायोजन कार्यक्रमबाट सकारात्मक नतीजाहरू देखिन आएकोले आगामी वर्ष पनि यसलाई कायमै राखिनेछ। यस अनुसार आगामी वर्षको वित्तीय तथा मौद्रिक नीति अवलम्बन गर्दा राजस्व वृद्धि गर्ने, सरकारी बजेट घाटा कम गर्ने र आन्तरिक कर्जा-प्रवाह नियन्त्रण गर्नेतर्फ दिइएको जोड कायमै रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. आयोजनाबाट हुने लाभ र लागतको पूरा लेखाजोखा गरी अर्थ-व्यवस्थालाई बढी लाभ दिने आयोजनाहरूलाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ । साथै सम्पन्न भइसकेका आयोजनाहरूको सञ्चालन, मर्मत, सम्भार एवम् सुरक्षाको निम्ति पर्याप्त रकमको व्यवस्था गरी तिनीहरूको क्षमताको उपयोग बढाउने तर्फ पनि मेरो सरकारले ध्यान दिनेछ ।

५. हाम्रो अर्थ-व्यवस्थामा कृषि क्षेत्रको महत्त्वपूर्ण भूमिकालाई दृष्टिगत गरी यसलाई प्रदान गरी आएको सर्वाधिक प्राथमिकता कायमै राखिनेछ । प्रमुख खाद्यान्नहरूको उत्पादनमा अधिकतम वृद्धि हासिल गर्ने कार्यक्रमका साथै फलफूल, तरकारी, माछा, मासु र दूधको उत्पादन वृद्धि गर्ने कार्यक्रमहरू ठोस रूपमा सञ्चालन गरिनेछ । यस क्रममा मल, बीउ, उपकरण, कर्जा तथा प्रसार सेवा कृषकहरूलाई सुलभ गराउन सम्बन्धित सरकारी निकायको दक्षता एवम् सक्रियता बढाउनुको साथै निजी क्षेत्रको सहभागिता वृद्धि गर्दै लैजाने नीति मेरो सरकारले अपनाउनेछ । कृषकहरूलाई उत्पादन वृद्धि गर्न प्रोत्साहन दिने दृष्टिकोणले मूल्य, वजार-व्यवस्था तथा भण्डार-सुविधाजस्ता कार्यहरूमा मेरो सरकारले ध्यान दिनेछ । उन्नत प्रविधिको विकास र विस्तार गर्न चाहिने अनुसन्धान कार्यलाई कृषकको समस्याको निराकरण गर्नेतर्फ लगाइनेछ ।

६. सिंचाइ कार्यक्रम व्यापक रूपमा सञ्चालन गर्न मेरो सरकारले जोड दिनेछ । भइरहेका सिंचाइ प्रणालीको क्षमता वृद्धि गर्ने, मर्मत-सम्भारमा विशेष ध्यान दिने र निर्माणाधीन आयोजनाहरूको कार्यान्वयनमा तीव्रता ल्याउने कामहरू गरिनेछन् । स्थानीय स्तरमा जनसहभागिता परिचालन गरी सिंचाइ आयोजनाहरू निर्माण गर्न प्रोत्साहन गर्न तिनीहरूमा आवश्यक पर्ने जटिल संरचनाहरूको निर्माणका लागि मेरो सरकारले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ । कृषकहरू आफैले निर्माण गरी चलाई राखेका गैर-सरकारी कुलाहरूलाई बढी भरपर्दो गराउन टिकाउ हुने किसिमका संरचनाहरू बनाउने काममा पनि सहयोग पुऱ्याइनेछ । बैंकहरूबाट सहुलियतपूर्ण कर्जा दिलाई कृषकहरूको निजी स्वामित्वमा साना सिंचाइ आयोजनाहरू निर्माण गर्ने कार्यक्रमलाई अझै प्रभावकारी रूपमा विस्तार गरिनेछ । सिंचाइ सुविधाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकासको लागि आवश्यक लगानीमा आन्तरिक स्रोतको परिमाण बढाउँदै लैजाने नीति मेरो सरकारले अपनाउनेछ ।

७. साना किसान, महिला र अन्य आर्थिक दृष्टिकोणले पिछडिएका नेपालीहरूको उत्थान गर्ने उद्देश्यले सञ्चालन गरिएका साना किसान विकास कार्यक्रम, महिला विकास कार्यक्रम एवम् सघन बैंकिङ्ग कार्यक्रमलाई अझ बढी सुदृढ गरी विस्तार गर्दै लगिनेछ ।

८. भूमिसुधारको कार्यमा हासिल भएका उपलब्धिहरू तथा अनुभवलाई ध्यानमा राखी कृषि विकासको र सामाजिक न्यायको दृष्टिकोणबाट मेरो सरकारले समयोचित व्यवस्था गरी भूमिसुधार कार्यक्रमलाई अघि बढाई लैजानेछ । गुठी जग्गातर्फ पनि समयानुकूल सुधार गर्ने उद्देश्यले सम्बन्धित ऐनले गरेका व्यवस्थाहरूलाई तदारूकताकासाथ कार्यान्वयन गराउन मेरो सरकारले जोड दिनेछ । साझा संस्थाहरूलाई बढी सक्षम तुल्याई ग्रामीण क्षेत्रमा आधारभूत आवश्यकताका वस्तुहरूको आपूर्ति गर्ने र कृषकहरूको उत्पादन सामग्रीहरू सुलभ गराउने तथा उत्पादित वस्तुको बजार-व्यवस्था गर्ने काममा संलग्न गराइनेछ ।

९. प्राकृतिक वातावरणको संरक्षण गर्नुको साथै गार्हस्थ्य तथा उद्योगको आवश्यकता परिपूर्ति गर्न वन-सम्पदाको विकासको लागि पञ्चायत तथा निजी वन क्षेत्रहरूमा समेत बृहत् रूपमा वृक्षारोपण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ । कच्चा पदार्थको रूपमा वन पैदावार उपयोग गर्ने उद्योगहरूलाई त्यस्ता वन पैदावार आफै उत्पादन गर्न वृक्षारोपणमा सरीक हुन प्रोत्साहन गरिनेछ । वन क्षेत्रको समुचित विकासको लागि वैज्ञानिक भू-उपयोग र वन-व्यवस्थापन पद्धति लागू गर्न मेरो सरकारले आवश्यक कदमहरू चाल्नेछ । श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष समेतको संलग्नतामा देशको महत्त्वपूर्ण सम्पदाका रूपमा रहेको प्रकृति एवम् वन्य जन्तुहरूको संरक्षण तथा सम्वर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्जको व्यवस्थापन तथा वैज्ञानिक अध्ययन र अनुसन्धान गर्ने कार्यहरू मेरो सरकारले चालू राख्नेछ ।

१०. औद्योगिक विकासमा निजी क्षेत्रलाई नै प्रोत्साहन दिने नीति अनुसार मेरो सरकारले निजी उद्यमीहरूलाई प्रोत्साहन, सुविधा र संरक्षण प्रदान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न सम्बन्धित ऐनमा संशोधनका लागि यसै अधिवेशनमा विधेयक प्रस्तुत गर्नेछ । यसै प्रसङ्गमा आधारभूत आवश्यकता परिपूर्ति गर्न सघाउ पुऱ्याउने लत्ताकपडा, जुत्ता-चप्पल, सिमेण्ट, इँट एवम् अन्य निर्माण वस्तुहरू, कागज-कलम तथा अन्य शिक्षण सामग्रीहरू, औषधि र स्वास्थ्यसम्बन्धी उपकरणहरू उत्पादन गर्ने उद्योगहरूलाई विशेष प्रोत्साहन दिने नीति मेरो सरकारले अपनाउनेछ । साथै, घरेलु तथा ग्रामीण क्षेत्रमा उपलब्ध सीपको विकास एवम् उपयोग गर्ने उद्योग, बढी रोजगारी दिने उद्योग, खनिज र अन्य स्वदेशी कच्चा पदार्थको उपयोग गर्ने उद्योग, उन्नत प्रविधि अपनाई उत्पादकत्व बढाउने उद्योगलाई समुचित रूपमा संरक्षण दिई सम्वर्द्धन गरिनेछ । निजी क्षेत्रलाई उद्योगहरू स्थापना गर्न इजाजत प्रदान गर्ने विषयमा उदार नीति अपनाइनेछ । उद्योगहरूको स्थापना र सञ्चालनको लागि सुविधा दिने प्रक्रियालाई सरल गरिनेछ ।

११. वैदेशिक व्यापारतर्फ अपनाई आएको उदार नीति कायमै राखिनेछ । वैदेशिक व्यापारमा देखा परेको असन्तुलनलाई ध्यानमा राखी निर्यात प्रवर्द्धनका लागि प्रोत्साहन प्रदान गर्ने कदमहरू चाल्नुका साथै आयातलाई देशको उपभोग र उत्पादनसँग आबद्ध गरी सुव्यवस्थित गरिनेछ। स्वदेशी उद्योगको लागि आवश्यक कच्चा पदार्थहरू तथा अत्यावश्यक उपभोग्य वस्तुहरू आयात गर्नका लागि आवश्यक विदेशी मुद्रा उपलब्ध गराउने नीतिलाई अझ उदार बनाइनेछ । सर्वसाधारण जनताका दैनिक उपभोगका वस्तुहरू सुलभ गराउन मेरो सरकार सचेष्ट रहनेछ । सामान्य जनजीवनलाई कष्टमय हुन नदिन यस्ता वस्तुको मूल्य-स्थितिमाथि निरन्तर निगरानी राखी आवश्यकतानुसार सामयिक कदम चालिनेछ । अत्यावश्यक वस्तुहरूको सञ्चय समुचित परिमाणमा गरी राख्ने नीति रहेको छ ।

१२. आवासको न्यूनतम आवश्यकता पुऱ्याउन निजी क्षेत्रलाई समेत संलग्न तुल्याई मेरो सरकारले घडेरी तथा सेवा विकास कार्यक्रम र निर्देशित जग्गा विकास कार्यक्रम लागू गर्नेछ । आवास व्यवस्थामा प्रमुख भूमिका निजी क्षेत्रलाई दिने नीति अपनाइनेछ । यसमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न उपयुक्त सहयोग उपलब्ध गराइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. पर्यटनमा यो वर्ष भएको वृद्धिलाई दृष्टिगत गरी यसलाई अझ बढाउन उपयुक्त सेवा र सुविधाहरूको विस्तारतर्फ मेरो सरकारले ध्यान दिनेछ । सम्भावित पर्यटन-स्थलहरूको विकास तथा विस्तार गरी नेपालको भ्रमणमा आउने पर्यटकहरूको संख्या वृद्धि गर्नुको साथै बसाइको अवधि लम्ब्याउने र पर्यटनबाट प्राप्त हुने आम्दानीको अधिकतम अंश नेपालभित्रै राख्ने उद्देश्यले आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ र यो काममा निजी क्षेत्रलाई पनि प्रोत्साहित गरिनेछ ।

१४. ६ वर्षदेखि १० वर्षसम्मका सबै बाल-बालिकालाई निःशुल्क प्राथमिक शिक्षा उपलब्ध गराउने र कक्षा १ देखि ५ सम्मका पाठ्यपुस्तकहरू क्रमिक रूपले निःशुल्क उपलब्ध गराउने नीति लिइएको छ । यस अनुसार दुर्गम क्षेत्रका ४ र ५ कक्षाका छात्रहरूलाई समेत आगामी आर्थिक वर्षदेखि नै निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइनेछ । प्राथमिक विद्यालयहरूमा छात्राको संख्या वृद्धि गर्न विशेष प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ । प्रोत्साहन र प्रतिस्पर्धाका प्रक्रियाबाट शिक्षाको गुणात्मक विकास गर्न ध्यान दिइनेछ । विद्यालयहरूको पठन-पाठनमा सुधार ल्याउन निरीक्षण प्रणालीलाई पनि सुदृढ गरिनेछ । देश विकास कार्यमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक शिक्षालाई प्राथमिकता दिने मेरो सरकारको नीति कायम रहनेछ ।

१५. सबै नेपालीलाई प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने नीति अनुरूप स्वास्थ्य संस्थाहरूको सङ्गठनात्मक संरचनामा सुधार एवम् सुदृढीकरण गरिनेछ । सरुवा तथा अन्य कडा रोगको नियन्त्रण गर्न र उपचार समेत सुलभ गराउन अस्पताल तथा स्वास्थ्य चौकीहरूले प्रदान गर्ने सेवालाई स्तरयुक्त बनाउन विशेष ध्यान दिइनेछ। अस्पताल, स्वास्थ्य चौकी र नर्सिङ होम स्थापना गर्न र सञ्चालन गर्न निजी क्षेत्रलाई पनि प्रोत्साहन गरिनेछ ।

१६. जनसंख्या वृद्धि दरलाई विक्रम सम्वत् २०५७ सम्ममा २ प्रतिशतभन्दा कम गर्ने लक्ष्य हासिल गर्न परिवार नियोजन कार्यक्रमलाई उच्च प्राथमिकता दिई सरकारी तथा गैर-सरकारी सङ्घ-संस्थाहरू समेतलाई संलग्न गराई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । शिशु तथा बाल-बालिकाहरूका लागि खोप, पुनर्जलीय उपचार तथा पोषणजस्ता मातृ-शिशु कल्याण कार्यक्रमहरूको कार्यान्वयनमा बढी जोड दिइनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

50

१७. राष्ट्रिय सूचीमा समावेश भएका अत्यावश्यक औषधिहरू निजी क्षेत्रलाई समेत प्रोत्साहन दिई स्वदेशभित्र उत्पादन गरी आत्मनिर्भरता हासिल गर्न अझ बढी प्रयत्न गरिनेछ ।

१८. खानेपानीको सुविधा सुलभ गराउने लक्ष्य अनुसार खानेपानी आयोजनाहरू निर्माण गर्ने कार्यक्रमलाई स्थानीय जनसहभागिता एवम् पञ्चायतहरूको सक्रियतामा अझ व्यापक रूपमा सञ्चालन गर्ने नीति मेरो सरकारले अपनाउनेछ । खानेपानीको आपूर्तिमा सुधार गर्नुपर्ने शहरी क्षेत्रहरूमा तत्कालीन एवम् दीर्घकालीन आयोजनाहरू तर्जुमा एवम् कार्यान्वयन गर्न मेरो सरकार प्रयत्नशील रहनेछ ।

१९. सडक यातायातलाई सुनियोजित तरीकाबाट विकास गर्दै जाने क्रममा पूर्व-पश्चिम राजमार्ग तथा उत्तर-दक्षिण राजमार्गहरू र ती राजमार्गसित क्षेत्र, अंचल तथा जिल्ला सदरमुकाम जोड्ने सहायक मार्गहरू क्रमिक रूपले निर्माण गर्ने कार्य मेरो सरकारले आगामी वर्ष पनि जारी नै राख्नेछ । निर्माण सम्पन्न भइसकेका सडकहरूको मर्मत-सम्भारमा जोड दिइनेछ । जिल्लाका आन्तरिक सडकहरूको निर्माण विकेन्द्रीकरणको नीति अनुरूप स्थानीय पञ्चायतले जनसहभागिताबाट गराउनु पर्नेछ । स्थानीय पञ्चायतले यसरी गरेको कार्यमा मेरो सरकारले सकेको प्रोत्साहन र टेवा प्रदान गर्ने नीति अपनाउनेछ ।

२०. योजनाबद्ध ढङ्गले विद्युत् क्षेत्रको विकास गर्ने क्रममा आर्थिक लगानीबाट दीर्घकालीन दृष्टिकोणले लाभदायक देखिने जल-विद्युत् परियोजना कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । विद्युत्-प्रसारण प्रणालीको विस्तारसँगै ग्रामीण विद्युतीकरणमा जोड दिइनेछ ।

२१. काठमाडौं उपत्यकाबाहिर पनि नेपाल टेलिभिजनको प्रसारण पुऱ्याइनेछ । साथै मेरो सरकारले हुलाक, दूर संचार, रेडियो प्रसारण र प्रेस आदि संचार सेवाको सुनियोजित विकास गर्ने काम जारी राख्नेछ ।

२२. भाषा र साहित्य, कला र संस्कृति, ज्ञान, विज्ञान एवम् प्रविधिको विकास गरी राष्ट्रको सर्वाङ्गीण विकासलाई टेवा पुऱ्याउने प्रज्ञा-प्रतिष्ठानहरू, विश्वविद्यालयहरू तथा विभिन्न तहका विद्यालयहरूलाई मेरो सरकारले सहयोग पुऱ्याउनेछ । हालै स्थापना भएको महेन्द्र संस्कृत विश्वविद्यालयको संस्थागत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

59

विकासको लागि ध्यान दिइनेछ । पशुपति क्षेत्रको संरक्षण, सम्भार तथा विकास गर्ने उद्देश्यले स्थापित पशुपति क्षेत्र विकास कोषलाई मेरो सरकारले आवश्यक सहयोग र समर्थन पुऱ्याउनेछ । खेलकुदको विकास तथा शैक्षिक क्षेत्रमा अतिरिक्त क्रियाकलापको विकासमा प्रोत्साहन र सहयोग दिने नीति जारी राखिनेछ ।

२३. गरिबीको रेखामुनि रहेका जनतालाई लक्षित गरी उनीहरूलाई आय-आर्जनका स्रोतहरू र रोजगारीका अवसरहरू उपलब्ध गराउने विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ । व्यावसायिक तथा सीपमूलक तालीम कार्यक्रमहरू व्यापक रूपमा विस्तार गरी दक्ष श्रम-शक्तिको विकास गर्न तथा उपलब्ध हुने रोजगारीका अवसरहरूमा स्वदेशी श्रम-शक्तिलाई सदुपयोग गर्न मेरो सरकारले आवश्यक कदमहरू चाल्नेछ ।

२४. विकेन्द्रीकरण ऐन अनुसार जिल्ला, नगर, गाउँको विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने विशेष जिम्मेवारी स्थानीय पञ्चायतहरूमा आएको सर्वविदितै छ । विकेन्द्रीकरणको उद्देश्य र नीति अनुरूप आधारभूत आवश्यकता परिपूर्तिसम्बन्धी कार्यक्रमलाई सर्वोपरि प्राथमिकता दिई स्थानीय योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नु नै स्थानीय पञ्चायतहरूको सफलता मानिनेछ । स्थानीय पञ्चायतलाई सहयोग पुऱ्याउन विकेन्द्रीकरणको आधारमा जिल्ला एवम् आयोजनास्थलमा काम गर्ने विभिन्न प्रशासकीय इकाईहरूलाई सक्षम र सुदृढ तुल्याइनेछ ।

२५. मुलुकको शान्ति-सुरक्षा एवम् अमन चैन कायम राख्ने जिम्मेवार निकायहरूलाई समयानुकूल प्रशिक्षित, सुसङ्गठित र साधनयुक्त तुल्याउँदै लगिनेछ । ठूलो परिश्रम र लगानीबाट सिर्जना भएका विकासका संरचनाहरूको सुरक्षाको व्यवस्था गरिनेछ । मेरो सरकारले विकास आयोजनाहरूको अभिन्न अङ्गको रूपमा सुरक्षा पक्षलाई ध्यान दिनेछ । शाही नेपाली सेनालाई सक्षम र आधुनिकीकरण गर्ने कार्यहरू जारी नै रहनेछ । प्रहरी सङ्गठनलाई विस्तार गर्नुका साथै दक्ष र साधनयुक्त बनाउन सञ्चालित योजनाबद्ध कार्यक्रमहरू जारी रहनेछ ।

आधिकारिकता सूचना विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६ निजामती सेवा तथा प्रशासनिक ढाँचामा प्रक्रियात्मक र सङ्गठनात्मक परिवर्तन गरी प्रशासनलाई अझ बढी जनमुखी, सुदृढ र सक्षम तुल्याउन विगत वर्षहरूदेखि मेरो सरकारले चरणबद्ध रूपमा कार्यान्वयन गर्दै आइरहेका सुधारका कदमहरू आगामी वर्षमा पनि जारी राख्नेछ । प्रत्यक्ष जनसम्पर्कमा आउने कार्यालयहरूलाई बढी सेवामूलक गराइनेछ । कर्मचारीको जिम्मेवारी स्पष्ट गरिदिनुको साथै कार्य सम्पादन मूल्याङ्कन पद्धतिमा सुधार गरी पुरस्कार र दण्डको व्यवस्था प्रभावकारी रूपमा लागू गरिनेछ ।

२७. ओहदाको दुरूपयोग तथा अनुचित लाभ उठाउने प्रवृत्तिलाई निरूत्साहित गर्न मेरो सरकारले भ्रष्टाचार नियन्त्रण निकायहरूलाई अझै सुदृढ र सक्रिय तुल्याउनेछ ।

२८. असंलग्नता, शान्तिपूर्ण सह-अस्तित्व तथा संयुक्त राष्ट्र संघका बडापत्रमा अन्तर्निहित सिद्धान्तहरूप्रति दृढ आस्था राख्दै नेपाललाई शान्ति क्षेत्र बनाउने र संसारका सबै मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध विस्तार गरी सुदृढ बनाउँदै लैजाने हाम्रो परराष्ट्र नीति रही आएको छ । यसै नीति अनुरूप मेरो सरकारले छिमेकी मित्रराष्ट्रहरू, दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्रहरू तथा अन्य मित्रराष्ट्रहरूसँग विद्यमान मैत्रीपूर्ण सम्बन्धलाई अझै सुदृढ बनाउने प्रयत्न जारी नै राख्नेछ ।

२९. दक्षिण एशियामा क्षेत्रीय सहयोग, शान्ति, स्थायित्व र आपसी निर्भरता कायम गर्ने उद्देश्यले स्थापित दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनको गत वर्ष भारतको बंगलोरमा सम्पन्न दोस्रो शिखर सम्मेलनमा नेपालको सक्रिय सहभागिता रहेको थियो । गत वर्ष माघ महिनामा काठमाडौंमा स्थापना भएको सार्क सचिवालयलाई क्षेत्रीय सहयोग सङ्गठनको संस्थागत सुदृढीकरणको दिशा तर्फको महत्त्वपूर्ण कदमको रूपमा हामीले लिएका छौं । दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठनका सदस्य राष्ट्रहरूका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरूको तेस्रो शिखर सम्मेलन यसै वर्ष काठमाडौंमा हुने तय भैसकेको हुँदा सो शिखर सम्मेलनलाई सफल रूपमा सम्पन्न गर्न सबै नेपालीबाट सहयोग प्राप्त हुनेछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३०. गत वर्ष जिम्बाबेको राजधानी हरारेमा सम्पन्न भएको असंलग्न राष्ट्रहरूको आठौं शिखर सम्मेलनमा सक्रिय सहभागीको रूपमा हामीबाट नेपालको दृष्टिकोण प्रस्तुत गरिबक्सेका थियौं । हामीबाट गरिबक्सेको संघीय गणतन्त्र जर्मनीको राजकीय भ्रमणको फलस्वरूप उक्त देशसँग विद्यमान मैत्री तथा सहयोग सम्बन्धमा विस्तार आएको छ । जिम्बाबेको औपचारिक भ्रमण तथा सेसेल्स, तान्जेनिया, जाम्बिया, केन्या, ओमन, ईजिप्ट, अष्ट्रिया र संयुक्त अरब इमिरेट्सको मैत्रीपूर्ण भ्रमणबाट नेपाल तथा ती देशहरूबीच विद्यमान मैत्री तथा समझदारीमा सघाउ पुगेको छ। यसैगरी बंगलादेशका महामहिम राष्ट्रपति रथी हुसेन मोहम्मद एर्शाद, भारतका महामहिम राष्ट्रपति ज्ञानी जैल सिंह र समाजवादी गणतन्त्र रूमेनियाका महामहिम राष्ट्रपति निकोलाई चाउशेस्कूको नेपालको राजकीय भ्रमणबाट ती देशहरूसँगको मैत्री सम्बन्धमा अभिवृद्धि भएको छ । जापानका नवयुवराज नारूहितोबाट सम्पन्न नेपाल भ्रमणबाट जापानसँगको हाम्रो मित्रता अझै सुदृढ हुन गएको हामीले विश्वास लिएका छौं । छिमेकी मित्रराष्ट्र चीनसँग विभिन्न स्तरमा आदान-प्रदान भएका भ्रमणहरू फलदायी रहेका छन् ।

३१. अन्त्यमा, देशमा विद्यमान राजनीतिक स्थायित्वलाई सुदृढ पार्दै राष्ट्रको दीर्घकालीन हितमा भरपर्दो कदमहरू संयमपूर्वक चाली, गरिबीको रेखामुनि रहेका जनताको आधारभूत आवश्यकताहरू परिपूर्ति गरी आर्थिक तथा सामाजिक विकासका बृहत्तर लक्ष्य हासिल गर्न मेरो सरकारले गरिरहेको प्रयासमा सबैले सहयोग गर्ने नै छन् । राजनीतिक स्थायित्वलाई सुदृढ पार्ने काम गर्नु सबैको कर्तव्य हो । जनताको र राष्ट्रको हितमा गरिने प्रत्येक कार्यमा मेरो सरकारले सदा झैं सबैको समझदारी र सहयोग पाउने विश्वास हामीबाट राखिबक्सेका छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

आज्ञाले,
स्यामकृष्ण भटराई
राष्ट्रिय पञ्चायतको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारको सुरक्षा विभागबाट प्रमाणित गरिएको छ मात्र लागु हुनेछ।